केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०९/०७०/७१ मिति: २०७०/०६/२४

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशनको इ.प्रा. निर्देशन नं. १५ को बुँदा नं. १ (ब्याजदर सम्वन्धी व्यवस्था) मा देहायको खण्ड (ग) थप गरिएको छ ।

*"(ग) इजाजतपत्रप्राप्त संस्थाले खण्ड (क) बमोजिम निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर निर्धारण गर्दा कर्जा र निक्षेपको औसत ब्याजदर अन्तर ५ प्रतिशत भन्दा बढि नहुने गरी निर्धारण गर्नुपर्ने छ । औसत ब्याजदर अन्तर गणना सम्बन्धमा देहायको व्यवस्था गरिएको छ ।*

*(अ) देहाय बमोजिमको सुत्रबाट २०७० पौषदेखि प्रत्येक महिना औसत ब्याजदर अन्तर गणना गरी आफ्नो वेवसाइटमा प्रकाशन गर्नुपर्ने छ । साथै प्रत्येक त्रयमासको वित्तीय विवरण र ब्याजदर सम्बन्धी विवरण प्रकाशन गर्दा अनिवार्य रुपमा औसत ब्याजदर अन्तर समेत प्रकाशन गर्नुपर्ने छ ।*

***औसत ब्याजदर अन्तर =[**(मासिक ब्याज आम्दानी/मासिक औसत स्वदेशी कर्जा सापट)X१२-(मासिक ब्याज खर्च/मासिक औसत स्वदेशी निक्षेप) X१२**]**X१००*

*जहाँ,*

*मासिक ब्याज आम्दानी=स्वदेशी मुद्रामा प्रवाह भएको कुल कर्जा सापटबाट महिनाभरमा पाकेको साधारण ब्याजको रकम*
*मासिक ब्याज खर्च = कुल स्वदेशी निक्षेपमा सो महिनामा पाकेको ब्याज खर्च*
*मासिक औसत स्वदेशी कर्जा सापट = स्वदेशी मुद्रामा प्रवाह भएको कर्जा सापटको दैनिक रकमको कुल योग/सो महिनाको जम्मा दिन*
*मासिक औसत स्वदेशी निक्षेप = स्वदेशी निक्षेपको दैनिक रकमको कुल योग/सो महिनाको जम्मा दिन*

*(आ) यस व्यवस्था बमोजिम प्रकाशन गरिएको औसत ब्याजदर अन्तर गणना सम्बन्धी विवरण निर्देशन फा.नं. १५.२ बमोजिमको ढाँचामा भरी बैंक तथा वित्तीय संस्था नियमन विभाग, सम्बन्धित सुपरिवेक्षण विभाग र अनुसन्धान विभागमा पेश गर्नुपर्ने छ ।*

*(इ) कर्जा र निक्षेपको औसत ब्याजदर अन्तर ५ प्रतिशत भन्दा बढि भएका वाणिज्य बैंकहरुले २०७१ आषाढ मसान्तभित्र सो सीमामा ल्याइसक्नु पर्नेछ ।"*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

२. यस बैंकबाट जारी एकीकृत निर्देशनको इ.प्रा. निर्देशन नं. ५ (कारोवारमा निहित जोखिम न्यूनीकरण गर्ने सम्बन्धी व्यवस्था) को बुँदा नं. १ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*"१. जोखिम वर्गीकरण*

*इजाजतपत्रप्राप्त संस्थाहरुले आफ्नो कारोबारसँग सम्बन्धित जोखिमलाई अनुगमन गर्ने प्रयोजनको लागि जोखिमलाई देहाय वमोजिम वर्गीकरण गर्नु पर्नेछ :-*

*(क) तरलता सम्बन्धी जोखिम ।*

*(ख) ब्याजदर सम्बन्धी जोखिम ।*

*(ग) विदेशी विनिमय सम्बन्धी जोखिम ।*

*(घ) कर्जा तथा लगानी सम्बन्धी जोखिम ।*

*(ङ) संचालन जोखिम ।"*

साथै सो निर्देशनको बुँदा नं. ५ पछि देहायको "**संचालन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था**" भन्ने बुँदा कायम गरी इ.प्रा. निर्देशन नं. २२ को बुँदा नं. ४ (IT मार्गदर्शन सम्बन्धमा) मा भएको व्यवस्थालाई समेत यसै बुँदामा समावेश गरिएको छ ।

**"संचालन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था :-**

*(क) इजाजतपत्रप्राप्त संस्थाहरुले आफ्नो कारोबारसँग सम्बन्धित संचालन जोखिमलाई व्यवस्थापन गर्न प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तथा सुचना प्रणालीको विकास गर्नुपर्ने छ । साथै, आन्तरिक लेखापरीक्षकले प्रत्येक शाखा/विभाग/कार्यालयको लेखापरीक्षण प्रतिवेदनमा संचालन जोखिमलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न अवलम्बन भएका उपायहरुको प्रयाप्तताको सम्बन्धमा समेत टिप्पणी/प्रतिक्रिया समावेश गरेको हुनुपर्ने छ ।*

*(ख) सूचना प्रविधिबाट हुन सक्ने संचालन जोखिमलाई न्यूनीकरण गर्ने व्यवस्थालाई बढी प्रभावकारी बनाई सोको निरीक्षण तथा सुपरिवेक्षणलाई व्यवस्थित गर्न सूचना प्रविधि सम्बन्धी मार्गदर्शन (Information Technology Guidelines) जारी गरिएको छ ।*

*साथै, सो मार्गदर्शन बमोजिम वार्षिक रुपमा सूचना प्रणालीको लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेको सन्दर्भमा पहिलो पटकको लागि वाणिज्य बैंकहरुले विस्तृत रुपमा विद्यमान सूचना प्रणालीको लेखापरीक्षण सम्पन्न गराई २०७१ पौष मसान्तभित्र सोको प्रतिवेदन यस बैंकको बैंक सुपरीवेक्षण विभागमा पेश गर्नुपर्ने छ । त्यसपश्चात सो मार्गदर्शनमा उल्लेख भए बमोजिम नियमित रुपमा त्यस्तो लेखापरीक्षण गराउनु पर्नेछ ।"*

३. ज्येष्ठ नागरिक तथा शारीरिक अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरुलाई विशेष प्राथमिकता दिई सरल बैंकिङ्ग सुविधा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाहरुले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । त्यस्ता व्यक्तिहरुको लागि सहज तथा अपाङ्गमैत्री काउण्टरको आवश्यकता हुने भए सो समेत व्यवस्था गर्नुपर्ने छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

४. यस बैंकबाट जारी एकीकृत निर्देशनको इ.प्रा. निर्देशन नं. १६ को बुँदा नं. २ मा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ ।

"२. संस्थागत निक्षेप संकलन सीमा सम्बन्धमा

*(क) इजाजतपत्रप्राप्त संस्थाले कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट आफ्नो कुल निक्षेपको बढीमा बीस प्रतिशतसम्मको सीमामा नबढ्ने गरी संस्थागत निक्षेप परिचालन गर्न पाउने छ ।*

*(ख) इजाजपत्रप्राप्त संस्थाको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ६० प्रतिशतभन्दा बढि कायम गर्न पाइने छैन । यो व्यवस्था जारी हुनु पूर्व संस्थागत निक्षेपको अंश ६० प्रतिशतभन्दा बढि भएका संस्थाहरुले क्रमशः घटाउँदै २०७१ असार मसान्तसम्म तोकिएको सीमामा ल्याउनु पर्नेछ ।"*

*स्पष्टीकरणः*

*"संस्थागत निक्षेप" भन्नाले सरकारी तथा सरकारी स्वामित्वमा रहेका संस्था एवं संस्थानहरु तथा त्यस्ता संस्था एवं संस्थान मातहत संचालित कोषहरु र पब्लिक लिमिटेड कम्पनीहरुको निक्षेप सम्झनु पर्छ ।*

५. वडादशैं पर्वको सार्वजनिक विदाको कारणले गर्दा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि मिति २०७० साल आश्विन २७ गतेदेखि २०७० साल कार्तिक ९ गतेसम्मको अवधिलाई हप्ता कायम गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तीनकुने, काठमाण्डौं ।